# बाल सामाजिक तथा वित्तीय शिक्षा







बचत भनेको भविष्यका लागि जोगाउनु हो । पैसा, खानेकुरा, बिजुली, समय, पानी, तथा अन्य स्रोतहरू फारु गरेर खर्च गर्ने बानी बसाल्नु राम्रो हुन्छ । यस्ता स्रोत साधनहरूलाई नियमित **बचत गर्ने बानीको विकास** गर्नुपर्छ । आवश्यकता र चाहना छुट्याएर मात्र खर्च गर्ने गर्नुपर्छ ।



आम्दानी | बचत | खर्च

पैसा बचत गर्नका लागि आम्दानी र खर्चको योजना बनाउनु पर्छ। आम्दानी र खर्चको हिसाब नै बजेट हो । बचतको लक्ष्य निर्धारण गर्नका लागि **योजना र बजेट तर्जुमा** गर्नुपर्छ । यसका लागि पैसा, समय लगायत अन्य स्रोतहरूलाई पनि किफायती तरिकाले खर्च गर्ने कुरामा ध्यान दिनुपर्छ।

| आम्दानी | | | खर्च | | | कैफियत |
|---|---|---|---|---|---|---|
| मिति | शीर्षक | रकम | मिति | शीर्षक | रकम | |
| २०७१।१०।१० | आमाबाट खाजाका लागि प्राप्त | रू. ५० | २०७१।१०।१० | खाजा खर्च | रू. ३० | रू. २० बचत |
| २०७१।१०।११ | ........ | ........ | २०७१।१०।११ | ........ | ........ | |









हामी सबैको समान अधिकार हुन्छ । राज्यले सबैका लागि **अधिकार र जिम्मेवारी**हरू कानुनद्वारा तोकिदिएको हुन्छ । कसैले पनि अरुका अधिकार हनन् गर्नु हुँदैन । अधिकारसँग जिम्मेवारी पनि गाँसिएको हुन्छ । अधिकार प्राप्त गर्ने र जिम्मेवारी बहन गर्ने कुराहरू विद्यार्थी जीवनबाटै सिक्नु अनिवार्य हुन्छ ।








सामुदायिक हितका लागि गरिने कार्यहरू **सामाजिक उद्यम** हुन् । नाफा कमाउने उद्देश्यले सञ्चालन गरिने व्यवसायहरू वित्तीय उद्यम हुन् । सामुदायिक हित र आर्थिक लाभ हुने व्यवसायहरू **सामाजिक तथा वित्तीय उद्यम** हुन् । विद्यार्थी जीवनदेखि नै सानातिना सामाजिक तथा वित्तीय उद्यम सम्बन्धी सिप सिक्नु आवश्यक हुन्छ । यसका लागि विद्यालयले वातावरण तयार गर्नुपर्छ।










प्रत्येक बालबालिकाले **म को हुँ** भनेर आफ्नो बारेमा **आफैँले बुझ्नु** पर्छ । काल्पनिक कुराहरूलाई तथ्यबाट अलग गर्ने, अभिव्यक्त गर्ने र सोच विचार गर्ने क्षमता विकास गर्नुपर्छ । नयाँ कुराको खोजी गर्ने आफूले आफैँलाई निर्देशित गर्ने, समाज सुधारका लागि अग्रसर हुने आदि कुराहरू पनि विद्यार्थी जीवनमै सिक्नु अनिवार्य हुन्छ । प्रत्येक व्यक्ति फरक हुन्छ, तर सबैको महत्त्व उत्तिकै हुन्छ ।

## पाँच मुख्य क्षेत्रहरू